## राजपत्रांकित तृतीय श्रेणी अप्राविधिक सेवाका (संसद सेवाको समेत) पदमा दरखास्त स्वीकृत गर्दा आवश्यक पर्ने विवरणहरु :

### आवश्यक न्यूनतम योग्यता

### (क) आन्तरिक प्रतियोगिता (आ.प्र) को लागि तपसिलका आधारमा दरखास्त स्वीकृत गर्ने

१. निजामती सेवा ऐन, २०४९ को दफा २१ निजामती सेवा नियमावली, २०५० को नियम ८७ (१) बमोजिम - (क) सम्बन्धित सेवाका राजपत्र अनंकित प्रथम श्रेणीको पदमा ५ (पाँच) वर्ष स्थायी सेवा अवधि पूरा भएको । तर महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपांग, पिछडिएको क्षेत्रको निजामती कर्मचारीको हकमा सो सेवा अवधिमा एक वर्ष कम भएपनि (४ वर्ष भएपनि) हुनेछ ।

२. सम्बन्धित सेवा, समूह र उपसमूहको बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता भएको । जस्तै : लेखा समूहको रा.प.तृ. श्रेणीको पदमा उम्मेदवार हुने व्यक्तिले लेखापाल पदको लागि आवश्यक पर्ने न्यूनतम् शैक्षिक योग्यता (मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बाणिज्यशास्त्र वा व्यापार प्रशाासनमा प्रमाणपत्र तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्रमध्ये कुनै एक मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण) भएको हुनुपर्ने ।

३. निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम - (क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर, (ख) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर, (ग) तलव वृद्धि रोक्का भएकोमा रोक्का भएको अवधिभर र (३) सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीनवर्ष र आफैले निवेदन दिई सेवा वा समूह परिवर्तन गरेको भए त्यसरी सेवा वा समूह परिवर्तन गरेको मितिले पाँच वर्षको अवधिभर कुनैपनि निजामती कर्मचारी सम्भाव्य उम्मेदवार हुन नपाउने गरि प्रतिवन्धित अवस्था नरहेको ।

### (ख) खुला प्रतियोगितात्मक परीक्षाको लागि तपसिलका आधारमा दरखास्त स्वीकृत गर्ने

(१) परराष्ट्र सेवा, संसद सेवा (प्रशासन समूह) र प्रशासन सेवा (राजस्व समूह, सामान्य प्रशासन समूह) को लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण भएको ।

(२) प्रशासन सेवा, लेखा समूहको लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण ।

(३) न्याय सेवाको लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातक तह उत्तीर्ण भएको ।

(४) लेखापरीक्षण सेवाको लागिः- व्यापार प्रशासन वा बाणिज्यशास्त्र विषयमा स्नातक वा चार्टर्ड एकाउण्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण भएको ।

(५) विज्ञापनमा तोकिएको न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो सोहि विषयको शैक्षिक योग्यतालाई पनि सो अनुसार योग्यता पुगेको मानिनेछ । जस्तै : नेपाल न्याय सेवाको रा.प.तृ. श्रेणीको खुलाको लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातक वा सो सरह भनि तोकिएकोमा कानूनमा स्नातक नभएको तर कानूनमा स्नातकोत्तर भएकोलाई पनि सो अनुसार योग्यता पुगेको मानिनेछ ।

### (ग) दरखास्त फाराम स्वीकृत गर्दा तपसिल वमोजिमका आवस्यक कागजातहरु संलग्न हुनुपर्ने

(१) तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपीहरु{(१) लब्धांकपत्र (२) चारित्रिक प्रमाणपत्र}

(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(३) दरखास्त दस्तुर बुझाएको नगदी रसिद

(४) खुला पदको हकमा रा.प.तृतीय श्रेणी अप्राविधिक पदको प्रारम्भिक परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र (म्याद ननाघेको) को प्रतिलिपि

(५) आन्तरिक प्रतियोगिता तथा समान श्रेणीमा दरखास्त दिने उम्मेदवारले दरखास्त फाराममा आफु कार्यरत सेवा, समूह, उपसमूह, श्रेणी/तह र पद अनिवार्य रुपमा खुलाई सम्बन्धित कार्यालय प्रमूख/विभागिय प्रमूखबाट

प्रमाणित गराई दरखास्त साथ हालको श्रेणीमा भएको नियुक्ति/बढुवा नियुक्तिपत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

(६) विदेशी शिक्षण संस्थाबाट प्राप्त शैक्षिक योग्यताको हकमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको पत्र/प्रमाणको प्रतिलिपी

**(घ) समावेशी तर्फका उम्मेदवारहरुले तपसिल बमोजिमका कागजातहरु संलग्न भएको हुनुपर्ने**

समावेशी तर्फ दरखास्त दिने उम्मेदवाहरुले निजामती सेवा नियमावली, २०५० को नियम १४ मा व्यवस्था भए अनुसारको निम्न बमोजिमका कागजातहरु समेत पेश गर्नु पर्नेछ :-

(१) आदिवासी/जनजातीका हकमा नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफरिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(२) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(३) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको पत्र,

(४) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(५) पिछडिएको क्षेत्रका हकमा ऐनको दफा ७ को उपदफा (७) मा उल्लेख भएका जिल्ला (डोल्पा, जुम्ला, कालिकोट, मुगु, हुम्ला, बझाङ, बाजुरा, अछाम र जाजरकोट) मा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको पत्र ।

**(ङ) दरखास्त स्वीकृत गर्दा सम्वन्धित अधिकारीले माथिका प्रावधानहरु वाहेक तपसिलका थप विषयहरु समेत ख्याल गर्नुपर्ने छ ।**

(१) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

(२) दरखास्तको अन्तिम मिति सम्ममा २१ वर्ष उमेर पुगेको, पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष उमेरको हद ननाघेको हुनुपर्छ । तर खुलाको लागि प्रारम्भिक परीक्षा पास गरेको प्रमाणपत्रमा अनुमति दिइएको अवधि ननाघेको हुनुपर्नेछ अर्थात उमेरको हद नाघे पनि प्रारम्भिक प्रमाणपत्रमा उल्लेखित अवधि भित्र भएको विज्ञापनको लागि उमेरको हद ननाघेको मानिनेछ ।

(३) बहालवाला स्थायी निजामती कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।

(४) विज्ञापित पदको लागि तोकिएको आवश्यक न्यूनतम् योग्यता पूरा गरेका समान श्रेणीमा कार्यरत कर्मचारी खुला तर्फको विज्ञापनमा उम्मेदवार हुन पाउने छन् । तर समावेशी तर्फको विज्ञापनमा उम्मेदवार हुन पाउने छैनन् ।

(५) समान श्रेणी र समावेशी पद तर्फका उम्मेदवारहरुको हकमा प्रारम्भिक परीक्षा उत्तिर्ण गरेको प्रमाणपत्र आवश्यक पर्ने छैन ।

(६) निजामती कर्मचारी आफू स्थायी वहाल रहेको सेवा, समूह, उपसमूहकै समान श्रेणीको पदमा उम्मेदवार हुन पाउने छैन । जस्तै :- प्रशासन सेवा, सामान्य प्रशासन समूहको रा.प.तृ. श्रेणीको पदमा कार्यरत निजामती कर्मचारी (निजामती सेवा ऐन, २०४९ को दफा २४घ१. बमोजिम बढुवा भएका समेत) ले प्रशासन सेवा, सामान्य प्रशासन समूहको विज्ञापनमा उम्मेदवार हुन पाउने छैन । तर राजश्व, लेखा समूहमा समेत उम्मेदवार हुन पाउने छन् ।

(७) निजामती सेवा ऐन, २०४९ को दफा २४घ१. बमोजिम बढुवा भएका उम्मेदवारहरुले बढुवा भएको पद सरहको आन्तरिक प्रतियोगिताको विज्ञापनमा उम्मेदवार हुन पाउने छैन ।

(८) निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनु पर्नेछ - (भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएका, गैर नेपाली नागरिक, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको)

(९) एउटै सेवा अन्तर्गत एक समूह/उपसमूहको लागि समावेशी र खुला पदको विज्ञापन नं. फरक भएपनि लिखित परीक्षा एकै पटक (एकै सिटिङमा) हुने भएकोले दुवैतर्फ दरखास्त दिने उम्मेदवारहरुको दरखास्त स्वीकृत गर्दा निम्नअनुसार गर्ने ।

- उम्मेदवारहरुले विज्ञापन अनुसारका समावेशी र खुलाका लागि दरखास्त फारामको पहिलो पाना अलग अलग भर्नु पर्नेछ, तर रोल नम्बर र प्रवेशपत्र भने एउटा मात्र प्रदान गर्ने ।
- ती किसिम (समावेशी, खुला) भित्र फाराम भर्ने उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मदेवार हुने विज्ञापन नम्बरहरु र किसिमहरु निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्ने ।
- एकभन्दा बढी किसिममा फाराम भर्ने उम्मेदवारले आफूले पेश गर्ने आवश्यक प्रमाणहरुको प्रत्येकको एक एक प्रति  मात्र बुझाए पुग्ने ।
- सेवा अन्तर्गत फरक समूह/उपसमूहको लागि अलग्गै दरखास्त फाराम तथा तोकिएको परीक्षा दस्तुर बुझाउनु पर्नेछ ।

**(च) दरखास्त स्वीकृत गर्ने अधिकारीले दरखास्त स्वीकृत गर्दा तपसिलका प्रक्रिया अपनाउनु पर्नेछ ।**

**१. विज्ञापन अनुसार पर्न आएका दरखास्तहरु देहाय बमोजिम छानविन गर्नु पर्नेछ ।**

- उम्मेदवारले आफ्नो दरखास्त फाराममा विज्ञापन नम्बर, पद, सेवा, समूह, उपसमूह, श्रेणी/तह, नाम थर, वतन र जन्ममिति लगायतका विवरणहरु खुलाएको छ, छैन ।
- विज्ञापित पद तथा सेवासंग सम्बन्धित ऐन, नियम अनुसारको उमेरको हद नपुगेको वा नाघेको छ, छैन ।दरखास्त फाराममा हालसालै खिचिएको फोटो टाँसि उम्मेदवारले फोटोमा समेत पर्ने गरि दस्तखत गरेको छ, छैन ।
- उम्मेदवारले पेश गरेको काजातका प्रतिलिपीहरुमा उम्मेदवार आफैले "सक्कल बमोजिम नक्कल ठीक छ" भनी प्रमाणित गरेको छ, छैन ।
- दरखास्त फाराममा उम्मेदवार आफैले दस्तखत र ल्याप्चे सहीछाप नगरेको पाइएमा निजको दरखास्त जुनसुकै बखत अस्विकृत हुनेछ ।
- आन्तरिक प्रतियोगितामा दरखास्त दिने वा समान श्रेणीको पदमा दरखास्त दिने वा खुला तर्फको विज्ञापनमा दरखास्त दिने उमेरको हद नाघेका बहालवाला निजामती कर्मचारीले दरखास्त फाराममा कार्यालय प्रमूख/विभागिय प्रमूखबाट प्रमाणित गराएको छ, छैन
- आन्तरिक प्रतियोगिताको विज्ञापनमा दरखास्त दिने उम्मेदवारको सम्बन्धित सेवामा तोकिएको सेवा अवधि पुगुको छ, छैन ।
- तोकिएको राजश्व बुझाएको रसिद संलग्न गरेको छ, छैन (एक किसिम भन्दा बढी किसिममा दरखास्त दिने उम्मेदवारले प्रत्येक थप किसिमको लागि थप २० प्रतिशत परीक्षा दस्तुर बुझाएको रसिद) जस्तै प्रशासन सेवा, सामान्य प्रशासन समूहको खुला र समावेशी अन्तर्गत महिला, आदिवासी/जनजातिमा समेत दरखास्त दिने उम्मेदवारले रु.५००+१००+१००=७००।- को रसिद संलग्न गरेको हुनु पर्नेछ ।
- राजश्ज बुझाएको रसिद म.ले.प. फाराम नं. ११ बमोजिमको हुनु पर्नेछ । राजश्व सम्बन्धमा थप बुझ्नु पर्ने भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रण कार्यालय र आयोगको सम्बन्धित अञ्चल कार्यालय/क्षेत्रीय निर्देशनालयमा सम्पर्क गर्नु पर्नेछ ।

**२. दरखास्त स्वीकृत गर्ने तथा प्रवेशपत्र प्रदान गर्न देहायबमोजिम गर्ने -**

- उल्लेखित प्रावधानहरु अनुसार रित पुर्‍याई पेश भएका दरखास्त फारामको पहिलो पानाको दरखास्त स्वीकृत गर्ने अधिकृतको दस्तखत उल्लेख भएको स्थानमा, उम्मेदवारको फोटो टाँसेको स्थानमा (फोटोमा

समेत पर्ने गरी) र प्रवेशपत्र (दुवैप्रति) को अधिकृतको दस्तखत उल्लेख भएको स्थानमा दरखास्त स्वीकृत गर्ने अधिकारीले दस्तखत गर्ने ।

- स्वीकृत भएका दरखास्तहरु तोकिएको ढाँचाको दरखास्त दर्ता रजिष्टरमा दर्ता गर्ने ।
- दरखास्त दर्ता रजिष्टरमा रोलनम्बर कायम गर्ने र दरखास्त फाराम राखेको फाईल र दरखास्त फाराममा रोलनम्बर उल्लेख भएको स्थानहरु (प्रवेशपत्रमा समेत) मा सो रोलनम्बर उल्लेख गर्ने ।
- प्रवेशपत्रमा परीक्षा केन्द उल्लेख गरी एक प्रति प्रवेशपत्र उम्मेदवारलाई प्रदान गर्ने । (विज्ञापन सूचनामा उल्लेखित परीक्षा केन्द्रहरु मध्येबाट उम्मेदवारले रोजेको कुनै एक परीक्षा केन्द्र उल्लेख गर्ने)
- रोलनम्बर कायम गरीसकेपछि कार्यालय र दरखास्त स्वीकृत गर्ने अधिकारीको छाप लगाई सामान्यतया दरखास्त दर्ता गरेको दिनमा नै उम्मेदवारलाई १ प्रति प्रवेशपत्र दिनु पर्नेछ । दरखास्त स्वीकृत भएका फाराम आयोगको कार्यालयमा प्रेषित भैसकेपछि प्रवेशपत्र लिन बाँकी उम्मेदवारहरुले आयोगको सम्बन्धित परीक्षा केन्द्रको काम गर्ने कार्यालयमा सम्पर्क गर्नु पर्नेछ ।
- कुनैपनि दरखास्त शर्त राखि स्वीकृत गरिने छैन ।

**(छ) दरखास्त दर्ता अभिलेख व्यवस्थापन गर्दा तपसिलका विषयहरुलाई पनि ध्यान दिनुपर्नेछ ।**

१. एकै पटक एकै सिटिङमा परीक्षा हुने एउटा सेवा भित्रको एउटा समूह/उपसमूहको खुला र समावेशी तर्फको विज्ञापनको लागि (दुईवटा विज्ञापन नं. भएपनि) यसै साथ संलग्न नमूना बमोजिम दरखास्त दर्ता गर्नु पर्नेछ ।

२. आन्तरिक प्रतियोगिताको विज्ञापनका दरखास्तहरु बुँदा नं. १ मा उल्लेखित नमूना बमोजिम **आ.प्र.** उल्लेख गरी प्रत्येक विज्ञापन अनुसार छुट्टा छुट्टै दर्ता गर्नु पर्नेछ ।

३. दरखास्त दर्ता गर्ने अन्तिम म्याद गुज्रेपछि दरखास्त दर्ता गर्ने सबै कार्यालयहरुले निम्न बमोजिम कागजातहरु प्रेषित गर्नु पर्नेछः

- दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको दरखास्त फाराम र दरखास्त दर्ता नामावली १/१ प्रति दरखास्त दिने अन्तिम म्याद गुज्रेको १ हप्ता भित्र दरखास्त दर्ता गर्ने कार्यालय रहेको सम्बन्धित अञ्चलको लोक सेवा आयोगको अञ्चल कार्यालय/क्षेत्रीय निर्देशनालयमा पुग्ने गरी पठाउनु पर्नेछ ।
- कुनै विज्ञापनमा दरखास्त नपरेको भए पनि सोको समेत स्पष्ट लिखित जानकारी आयोगको सम्बन्धित अञ्चल कार्यालय/क्षेत्रीय निर्देशनालयमा उक्त म्याद भित्रै पठाउनु पर्नेछ ।

*उपर्युक्त विषयहरु वाहेक दरखास्त दर्ता गर्ने सम्बन्धमा कुनै द्विविधा परेमा दरखास्त दर्ता गर्ने कार्यालयहरुले लोक सेवा आयोगको सम्बन्धित अञ्चल कार्यालय/क्षेत्रीय निर्देशनालय/केन्द्रीय कार्यालयको दरखास्त दर्ता शाखामा सम्पर्क गर्नुपर्नेछ । यसरी सम्पर्क गर्दा सम्वन्धित कार्यालयका कार्यालय प्रमुख सँग सोझै सम्पर्क गर्नु हुनेछ । कार्यालय प्रमुखहरुका टेलिफोन नम्वरहरु यसै साथ संलग्न छ ।*

## लोक सेवा आयोग, परीक्षा पद्दती सम्बन्धी निर्देशिका, २०५९ बमोजिमको
## दरखास्त दर्ता गर्दा कायम गर्ने रोलनम्बहरुको जिल्लागत विभाजन

| क्र.स. | जिल्ला | कायम गर्ने रोल नम्वर | |
|---|---|---|---|
| | | देखि | सम्म |
| १) मेची अञ्चल | | | |
| १ | इलाम | १/इलाम | २०००/ इलाम |
| २ | झापा | २००१/झापा | ४०००/झापा |
| ३ | पाँचथर | ४००१/पाँचथर | ४५००/पाँचथर |
| ४ | ताप्लेजुङ | ४५०१/ताप्लेजुङ | ५०००/ताप्लेजुङ |
| कोशी अञ्चल | | | |
| १ | धनकुटा | ५००१/धनकुटा | ६०००/धनकुटा |
| २ | सुनसरी | ६००१/सुनसरी | ७०००/सुनसरी |
| ३ | मोरङ | ७००१/ मोरङ | ८५००/ मोरङ |
| ४ | भोजपुर | ८५०१/भोजपुर | ९०००/ भोजपुर |
| ५ | तेह्रथुम | ९००१/तेह्रथुम | ९५००/ तेह्रथुम |
| ६ | संखुवासभा | ९५०१/संखुवासभा | १००००/संखुवासभा |
| ३) सगरमाथा अञ्चल | | | |
| १ | खोटाङ | १०००१/ खोटाङ | ११०००/ खोटाङ |
| २ | उदयपुर | ११००१/ उदयपुर | १२०००/ उदयपुर |
| ३ | सप्तरी | १२००१/सप्तरी | १३०००/सप्तरी |
| ४ | सिराहा | १३००१/ सिराहा | १४०००/ सिराहा |
| ५ | ओखलढुंगा | १४००१/ओखलढुंगा | १४५००/ओखलढुंगा |
| ६ | सोलुखुम्बु | १४५०१/सोलुखुम्बु | १५०००/सोलुखुम्बु |
| ४) जनकपुर अञ्चल | | | |
| १ | महोत्तरी | १५००१/ महोत्तरी | १६५००/ महोत्तरी |
| २ | धनुषा | १६५०१/ धनुषा | १७५००/ धनुषा |
| ३ | सर्लाही | १७५०१/सर्लाही | १८०००/सर्लाही |
| ४ | सिन्धुली | १८००१/ सिन्धुली | १९०००/ सिन्धुली |
| ५ | रामेछाप | १९००१/रामेछाप | १९५००/रामेछाप |
| ६ | दोलखा | १९५०१ दोलखा | २००००/ दोलखा |
| ५. नारायणी अञ्चल | | | |
| १ | मकवानपुर | २०००१/ मकवानपुर | २१५००/ मकवानपुर |
| २ | चितवन | २१५०१/ चितवन | २३०००/ चितवन |
| ३ | पर्सा | २३००१/ पर्सा | २३५००/ पर्सा |
| ४ | बारा | २३५०१/ बारा | २४०००/ बारा |
| ५ | रौतहट | २४००१/रौतहट | २५०००/रौतहट |
| ६. गण्डकी अञ्चल | | | |

| | | | |
|---|---|---|---|
| १ | कास्की | २५००१/ कास्की | २८०००/ कास्की |
| २ | स्याङ्जा | २८००१/स्याङ्जा | ३०५००/स्याङ्जा |
| ३ | तनहुँ | ३०५०१/ तनहुँ | ३२५००/ तनहुँ |
| ४ | लमजुङ | ३२५०१/ लमजुङ | ३३५००/ लमजुङ |
| ५ | गोरखा | ३३५०१/ गोरखा | ३४५००/ गोरखा |
| ६ | मनाङ | ३४५०१/ मनाङ | ३५०००/ मनाङ |
| ७. लुम्बीनी अञ्चल | | | |
| १ | रुपन्देही | ३५००१/रुपन्देही | ३६५००/रुपन्देही |
| २ | पाल्पा | ३६५०१/ पाल्पा | ३७०००/ पाल्पा |
| ३ | अर्घाखाँची | ३७००१/ अर्घाखाँची | ३७५००/ अर्घाखाँची |
| ४ | गुल्मी | ३७५०१/ गुल्मी | ३८५००/ गुल्मी |
| ५ | कपिलवस्तु | ३८५०१/ कपिलवस्तु | ३९०००/ कपिलवस्तु |
| ६ | नवलपरासी | ३९००१/ नवलपरासी | ४००००/ नवलपरासी |
| ८. धवलागिरी अञ्चल | | | |
| १ | वाग्लुङ | ४०००१/ वाग्लुङ | ४२०००/ वाग्लुङ |
| २ | पर्वत | ४२००१/ पर्वत | ४३५००/ पर्वत |
| ३ | म्याग्दी | ४३५०१/ म्याग्दी | ४४५००/ म्याग्दी |
| ४ | मुस्ताङ | ४४५०१/ मुस्ताङ | ४५०००/ मुस्ताङ |
| ९. कर्णाली अञ्चल | | | |
| १ | जुम्ला | ४५००१/ जुम्ला | ४७०००/ जुम्ला |
| २ | मुगु | ४७००१/ मुगु | ४८०००/ मुगु |
| ३ | कालिकोट | ४८००१/ कालिकोट | ४९०००/ कालिकोट |
| ४ | डोल्पा | ४९००१/डोल्पा | ४९५००/डोल्पा |
| ५ | हुम्ला | ४९५०१/ हुम्ला | ५००००/ हुम्ला |
| १०. राप्ती अञ्चल | | | |
| १ | दाङ | ५०००१/ दाङ | ५२०००/ दाङ |
| २ | सल्यान | ५२००१/सल्यान | ५३०००/सल्यान |
| ३ | प्यूठान | ५३००१/ प्यूठान | ५४०००/ प्यूठान |
| ४ | रुकुम | ५४००१/रुकुम | ५४५००/रुकुम |
| ५ | रोल्पा | ५४५०१/रोल्पा | ५५०००/रोल्पा |
| ११. भेरी अञ्चल | | | |
| १ | सुर्खेत | ५५००१/सुर्खेत | ५६५००/सुर्खेत |
| २ | बाँके | ५६५००/ बाँके | ५८०००/ बाँके |
| ३ | बर्दिया | ५८००१/ बर्दिया | ५९०००/ बर्दिया |
| ४ | दैलेख | ५९००१/ दैलेख | ५९५००/ दैलेख |
| ५ | जाजरकोट | ५९५०१/ जाजरकोट | ६००००/ जाजरकोट |
| १२. महाकाली अञ्चल | | | |
| १ | कञ्चनपुर | ६०००१/ कञ्चनपुर | ६२५००/ कञ्चनपुर |
| २ | डडेल्धुरा | ६२५०१/डडेल्धुरा | ६३५००/डडेल्धुरा |

| | | | |
|---|---|---|---|
| ३ | वैतडी | ६३५०१/ वैतडी | ६४५००/ वैतडी |
| ४ | दार्चुला | ६४५०१/ दार्चुला | ६५०००/ दार्चुला |
| १३. सेती अञ्चल | | | |
| १ | डोटी | ६५००१/डोटी | ६६५००/डोटी |
| २ | कैलाली | ६६५०१/ कैलाली | ६८०००/ कैलाली |
| ३ | अछाम | ६८००१/ अछाम | ६९०००/ अछाम |
| ४ | बझाङ | ६९००१/ बझाङ | ६९५००/ बझाङ |
| ५ | बाजुरा | ६९५०१/ बाजुरा | ७००००/ बाजुरा |
| १४. बाग्मती अञ्चल | | | |
| १ | काठमाडौं | ७०००१/ काठमाडौं | ७६०००/ काठमाडौं |
| २ | ललितपुर | ७६००१/ ललितपुर | ७८०००/ ललितपुर |
| ३ | भक्तपुर | ७८००१/भक्तपुर | ७९५००/भक्तपुर |
| ४ | काभ्रे | ७९५०१/ काभ्रे | ८१०००/ काभ्रे |
| ५ | सिन्धुपाल्चोक | ८१००१/ सिन्धुपाल्चोक | ८२०००/ सिन्धुपाल्चोक |
| ६ | धादिङ | ८२००१/ धादिङ | ८३५००/ धादिङ |
| ७ | नुवाकोट | ८३५०१/ नुवाकोट | ८४५००/ नुवाकोट |
| ८ | रसुवा | ८४५०१/रसुवा | ८५०००/रसुवा |

१. दरखास्त फारामको पहिलो पाना विज्ञापन नं. अनुसार भिडने गरी परीक्षामा सहभागी हुने प्रत्येक किसिम/ समूहको लागि अलग अलग भर्न लगाउने साथै प्रवेश पत्रमा समेत विज्ञापन नं. र किसिम समूह स्पष्ट खुल्ने गरी अनिवार्य रुपमा भर्न लगाउने । प्रवेश पत्रको ढाँचामा सामान्य परिवर्तन गरिएकोले पुरानो ढाँचामा भरी आएका फारममा समेत परीवर्तित ढाँचा अनुसार विज्ञापन नं. र किसिम/समूह स्पष्ट खुल्ने गरी भर्न लगाउने ।
२. दरखास्त फारामको नमूना भरेर उम्मेदवारको सहज पहुँचहुने ठाउँ वा सूचना पाटीमा टाँस गर्ने ।
३. दरखास्त फारामको पहिलो पानाहरु र प्रवेशपत्रमा एउटै रोल नं. कायम गर्ने ।
४. एउटा किसिम/समूह भन्दा बढी किसिम/समूहमा दरखास्त दिने उम्मेदवारबाट प्रत्येक थप किसिम/समूहका लागि २० प्रतिशत थप परीक्षा दस्तुर लिने ।
५. दरखास्त फारामको सबैपानाहरु एउटै फाइलमा राखी उम्मेदवारले भरेको विवरण निर्धारित ढाँचामा भए नभएको अनिवार्य रुपमा रुजु गरी दरखास्त स्वीकृत गर्ने ।
६. दरखास्त स्वीकृत दर्ता रजिष्टरको एकै ठाउँमा सम्बन्धित सेवा, समूहको आ.प्र., खुला र समावेशीको विज्ञापन नं.हरु उल्लेख गरी रोल नं. कायम गर्ने र कुन किसिम/समूहको परीक्षाका लागि दरखास्त भरेको हो यकिन गरी सोहि किसिम/समूहको महलमा थप परीक्षा दस्तुर रकम नै उल्लेख गर्ने । दर्ता रजिष्टरको ढाँचा संलग्न छ ।
७. परीक्षा सञ्चालन देखि नतिजा प्रकाशन सम्म स्वीकृत नामावलीलाई नै प्रमूख आधारको रुपमा लिनु पर्ने भएको र स्वीकृत नामावलीमा अन्यथा भएमा सम्बन्धित कार्यालय प्रमुख नै जिम्मेवार हुने भएकोले उम्मेदवारले दरखास्त फाराममा भरेको विवरण बमोजिम स्वीकृत नामावलीलाई आधिकारीक रुपमा प्रमाणित गरी राख्ने तोकिएको समय भित्र सम्बन्धित शाखा/कार्यालयमा एक प्रति स्वीकृत नामावली अनिवार्य रुपमा पठाउने ।
८. सम्बन्धित कार्यालयबाट प्रवेशपत्र र परीक्षा दस्तुर समेत स्पष्ट खुल्ने गरी स्वीकृत नामावली सहितको विवरण दरखास्त दर्ता गर्ने म्याद समाप्त भएको १० दिन भित्र परीक्षा सञ्चालन हुने सम्बन्धित कार्यालयमा आइपुग्ने गरी पठाउनु पर्नेछ ।